"मायादेवीको पहिचानः सन्तुलित विकास,गुणस्तरीय सेवा र सुशासन"

# मायादेवी गाउँपालिका
# Mayadevi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

कम्हरिया,रुपन्देही/Kamhariya,Rupandehi

लुम्बिनी प्रदेश,नेपाल
LUMBINI,Province,Nepal

पत्र संख्या/Ref.No.:०७९/८०
चलानी नम्बर/Dispatch.No.: १०६८

मितिः २०७९/१०/२६

श्री सहकारी संस्था सबै,
मायादेवी गाउँपालिका, रुपन्देही ।

विषयः प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको **प.स. २०७९/०८० च.न. ७७३ मिति २०७९/०९/१४** को पत्रबाट प्रत्येक सहकारी संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र साधारणसभा सम्पन्न गरी १५ दिनभित्र वार्षिक प्रतिवेदन साथै प्रत्येक महिनाको मासिक वित्तिय प्रतिवेदन सो महिना भुक्तान भएको मितिले ७ दिनभित्र नियामक निकाय समक्ष पठाउनु पर्नेमा केहि सहकारी संस्थाले मासिक प्रतिवेदन तोकिएको समयभित्र नपठाएको पाइएको र कतिपय सहकारी संस्थाले साधारणसभा सम्पन्न गरि हालसम्म वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश नगरेकोले ७ दिनभित्र तपसिल बमोजिमका प्रतिवेदन पेश गर्नुहुन भनि जानकारी गराइएकोमा केहि संस्थाहरुले हालसम्म तोकिएका कागजातहरु पेश नगरेकाले **७ दिन**भित्र तपसिल बमोजिमका प्रतिवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिलः

१. साधारणसभा सम्पन्न गरेका संस्थाको वार्षिक प्रतिवेदन कोपोमिसमा प्रविष्टी गरि साधारण सभाको माइन्युट, सदस्यहरुको हाजिरी, साधारण सभाको तस्विर, सञ्चालक समितिको र लेखा समितिको प्रतिवेदनको प्रमाणित प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन (सक्कल प्रति) र निर्वाचन भएको भए पदाधिकारीहरुको तिनपुस्ते विवरण र निर्वाचन उपसमितिको प्रतिवेदन (सक्कल प्रति) सहित सहकारी संस्थाको आधिकारिक लेटरहेडमा निवेदनसहित पेश गर्नुहुन ।

२. विनियम संसोधन भएको भए उपर्युक्त बमोजिमको प्रतिवेदन सहित तोकिएको ढाँचामा विनियम संसोधनको तिनमहले फाराम र व्यहोरा खुल्ने निवेदन संलग्न राखी पेश गर्नुहुन ।

३. प्रत्येक महिनाको मासिक वित्तिय प्रतिवेदन अर्को महिनाको ७ गतेभित्र कोपोमिसमा प्रविष्टी गर्नुहुन वा गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन ।

.........................................
(सुरेश भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

Email:mayadeviruralmun@gmail.com
Website:mayadevimunrupandehi.gov.np